नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३४१

मिति: २०८२/१२/२३

नेपाल संवत् ११४६

विषय: विवरण उपलब्ध गराईदिने सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपालको प.सं. २०८२/०८३, च.नं. २९०, मिति २०८२/१२/१८ को विवरण उपलब्ध गराईदिने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

पुनश्चः माग भए बमोजिमको विवरण सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपालबाट तोकिएको ढाँचामा इमेल ठेगाना trcbabarmahal@gmail.com मा पठाउनु हुन।

१२/२३

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल, हाँडीगाउँ, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

# सत्य निरूपण तथा मेलमिलाप आयोग, नेपाल

हाँडीगाउँ, काठमाडौं

प.सं. ०८२/८३
च.नं. २३०

मितिः २०८२/१२/१८

श्री प्रिय सहकारी ज्यू,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः विवरण संकलनको लागि समन्वय गरिदिने सम्बन्धमा।

यस आयोगले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने सन्दर्भमा सम्पादन गर्नुपर्ने कार्यहरू मध्ये विभिन्न स्थानीय तहहरूमा सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका व्यक्तिको सम्झना स्वरूप सार्वजनिक स्थलमा स्थापना तथा निर्माण गरिएका प्रतिमा, स्तम्भ, पार्क, सामुदायिक भवन, विद्यालय, पाटी, पौवा, चौतारा, प्रतीक्षालय, प्रवेशद्वार, शालिक लगायतका संरचनाको एकीकृत विवरण संकलन गर्नुपर्ने भएकोले तहाँबाट सबै स्थानीय तहहरूलाई तपसिल बमोजिमको ढाँचामा देहाय बमोजिमको विवरण पन्ध्र (१५) दिन भित्र यस आयोगमा आउने गरी पत्राचार गरिदिनुहुन अनुरोध छ।

<u>तपसिलः</u>

जिल्लाः स्थानीय तहको नामः

| क्र.स. | संरचनाको प्रकार | वडा नं. र स्थान | निर्माणकर्ता/ संस्था/व्यक्तिको विवरण* | निर्माण भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

***निर्माणकर्ता महलमा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/सामुदायिक संस्था/अन्य संघ संगठन/व्यक्ति आदि जो-जसबाट निर्माण भएको हो सो-को विवरण उल्लेख गर्नुहोला।***

**विवरण पठाउने ठेगानाः**

**इमेलः** trcbabarmahal@gmail.com

..............
निर्मला अधिकारी भट्टराई
सचिव